नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ३८३ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त “क” वर्गका (बैंक) संस्थाहरू ।

विषय :- परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न पाइने व्यवस्था बारे ।

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी निम्न लिखित सामान भारतबाट पैठारी गर्न दिने व्यवस्था रहेको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरू :

निम्नानुसार Harmonic Code **(Customs Tariff Based on Harmonised System** अनुसार) भएका बस्तुहरूमात्र यस व्यबस्था अन्तर्गत आयात गर्न पाइनेछ ।

१.१ भाग १३.०१.०२ मा उल्लेख भएको Extracts

१.२ भाग २१.०६.९०.४० मा उल्लेख भएको Soft Drink Concentrate

१.३ भाग २७.१०.१९.११ मा उल्लेख भएको Furnace Oil

१.४ भाग २७.१३.२० मा उल्लेख भएको Bitumen

१.५ भाग २८ मा उल्लेख भएको सवै औद्योगिक रसायनहरू (मानव औषधि बनाउने केमिकल वाहेक)

१.६ भाग २८.०३ मा उल्लेख भएको कार्वन ब्ल्याक (Carbon Black)

१.७ भाग २९.०१.१० मा उल्लेख भएको L.L.P. (Light Liquid Paraffin )

१.८ भाग २९.०२.२० मा उल्लेख भएको Benzene र Toluene

१.९ भाग २९.०५.११ मा उल्लेख भएको Methanol

१.१० भाग २९.०५.१६.०० मा उल्लेख भएको 2-Ethyl Hexanol

१.११ भाग २९.०५.३१ मा उल्लेख भएको Ethylene Glycol

१.१२ भाग २९.०५.४४.०० उल्लेख भएको Sorbitol

१.१३ भाग २९.१५.०० मा उल्लेख भएको Methyl Salicylate

१.१४ भागा २९.१५.२१.०० मा उल्लेख भएको Acetic Acid

१.१५ भाग २९.१५.३२ मा उल्लेख भएको Vinyl Acetate Monomer

१.१६ भाग २९.१६.१२ मा उल्लेख भएको Butyl Acraylate Monomer र 2-Etyl Hexyls Acrylate

१.१७ भाग २९.१७.३४ मा उल्लेख भएको Dibutyl Phthalate

१.१८ भाग २९.१७.३५ मा उल्लेख भएको Phthalic Anhydride

१.१९ भाग २९.१७.३६ मा उल्लेख भएको Terephthalic Acid

१.२० भाग २९.२२ मा उल्लेख भएको Oxygen Function Amino-Compounds

१.२१ भाग २९.२४ मा उल्लेख भएको Carboxamide Function Compounds

१.२२ भाग २९.३३ मा उल्लेख भएको Heterocyclic Compounds

१.२३ भाग २९.३४ मा उल्लेख भएको Nucleic Acids

१.२४ भाग २९.४१ मा उल्लेख भएको Antibiotics

१.२५ भाग ३२.१५ मा उल्लेख भएको Printing Ink

१.२६ भाग ३३.०२.९० मा उल्लेख भएको Flavour (टुथपेष्टमा प्रयोग हूने कच्चा पदार्थ), Odoriferous Substances र Perfume

१.२७ भाग ३४.०२.९०.१० मा उल्लेख भएको LABSA (डिटरजेन्टमा प्रयोग हूने कच्चा पदार्थ)

१.२८ भाग ३८.१७.१० मा उल्लेख भएको Mixed Alkyl benzenes

१.२९ भाग ३८.२३.११.०० मा उल्लेख भएको Stearic Acid

१.३० भाग ३८.२३.१९.०० मा उल्लेख भएको Palm Steearin DFA र Palm Karnel DFA

१.३१ भाग ३९.०१. को १० र २० मा उल्लेख भएको Polyethylene

१.३२ भाग ३९.०२.१० मा उल्लेख भएको Polypropylene

१.३३ भाग ३९.०३.१९.०० मा उल्लेख भएको Polysterence

१.३४ भाग ३९.०५.३० मा उल्लेख भएको Poly Vinyl Alcohol

१.३५ भाग ३९.०७.६०.०० मा उल्लेख भएको Plastic Pet Chips / Pet Resin

१.३६ भाग ३९.११.९० मा उल्लेख भएको PVC Resin

१.३७ भाग ३९.२० मा उल्लेख भएको Polyethylene

१.३८ भाग ३९.२०.२० मा उल्लेख भएको Polypropylene Films/Noodle Strapper

१.३९ भाग ३९.२०.५९ मा उल्लेख भएको Printed Laminated Web

१.४० भाग ३९.२०.५९.०० मा उल्लेख भएको Seasoning Wrapper

१.४१ भाग ४०.०१ मा उल्लेख भएको प्राकृतिक रबर (Natural Rubber)

१.४२ भाग ४०.०२ मा उल्लेख भएको सिन्थेटिक रबर (Synthetic Rubber)

१.४३ भाग ४८.०१.००.०० मा उल्लेख भएको News Print Paper

१.४४ भाग ४८.०२.०० र भाग ४८.०६.०० मा उल्लेख भएको कागजहरू(Papers)

१.४५ भाग ४८.१० मा उल्लेख भएको Paper

१.४६ भाग ५०.०४ र भाग ५०.०५ मा उल्लेख भएको सिल्क यार्न (Silk Yarn)

१.४७ भाग ५१.०६ मा उल्लेख भएको उनी यार्न Yarn of Carded wool (होजियारी वाहेक)

१.४८ भाग ५१.०७ मा उल्लेख भएको उनी यार्न Yarn of Combed wool (होजियारी वाहेक)

१.४९ भाग ५१.०८ मा उल्लेख भएको उनी यार्न Yarn of fine animal hair(होजियारी वाहेक)

१.५० भाग ५२.०१ मा उल्लेख भएको कपास

१.५१ भाग ५२.०५ र भाग ५२.०६ मा उल्लेख भएको सबै सुतियार्न

१.५२ भाग ५२.०५.११ देखि ५२.०५.१४ सम्म र ५२.०६.११ देखि ५२.०६.१४ सम्म उल्लेख भएको कटन यार्न र यार्न

१.५३ भाग ५४.०२ मा उल्लेख भएको कृत्रिम यार्न (५४.०२.४२ मा उल्लेखित Partially Oriented Polyster Yarn र ५४.०२.४९ मा उल्लेखित Synthetic Filament Yarn वाहेक)

१.५४ भाग ५४.०२.४२ मा उल्लेख भएको पोलिष्टर पार्सियली ओरिन्टेड यार्न

१.५५ भाग ५४.०२.४९ मा उल्लेख भएको Synthetic Filament Yarn

१.५६ भाग ५४.०३, ५५.०९, ५५.१० मा उल्लेख भएको कृत्रिम यार्न (होजियारी यार्न वाहेक)

१.५७ भाग ५५.०१, ५५.०२, ५५.०३, ५५.०४, ५५.०६, ५५.०७ मा उल्लेख भएको मानव निर्मित कृत्रिम फाइवरहरू

१.५८ भाग ५५.०३.२० मा उल्लेख भएको पोलिष्टर फाइवर

१.५९ भाग ५५.०४.१० मा उल्लेख भएको भिस्कोज रेयन Viscose Rayon (फाइवर)

१.६० भाग ५९.०२ मा उल्लेख भएको टायर कर्ड फेव्रिक (Tyre Cord)

१.६१ भाग ७०.१०.९०.०० मा उल्लेख भएको Carboys, Bottles, Plasks, Jar,Pots.

१.६२ भाग ७२.०३.९०.०० मा उल्लेख भएको Sponge Iron

१.६३ भाग ७२.०४.४९ मा उल्लेख भएको M. S. Scrap

१.६४ भाग ७२.०६ मा उल्लेख भएको फलाम इनगोट (Iron Ingot)

१.६५ भाग ७२.०७ मा उल्लेख भएको माइल्ड स्टिल विलेट (M S Billet)

१.६६ भाग ७२.०८ को २७.००, ३६.००, ३७.००, ३८.००, ३९.००, ५१.००, ५२.०० मा उल्लेख भएको हटरोल सिट इन क्वायल (Hot rolled sheet in coil) तथा भाग ७२.०८.५१ र ७२.०८.५२ मा उल्लेख हटरोल सिट नट इन क्वायल (Hot rolled sheet not in coil)

१.६७ भाग ७२.०९ को १५.००, १६.००, १७.०० र १८.०० मा उल्लेख भएको कोल्डरोल सिट इन क्वायल (Cold rolled sheet in coil)

१.६८ भाग ७२.१०.१२ मा उल्लेख भएको टिन प्लेट (Tin Plate)

१.६९ भाग ७२.११.१४.०० मा उल्लेख भएको Hot Rolled Sheet in Coil

१.७० भाग ७२.११.१९.०० मा उल्लेख भएको Hot Rolled Sheet in Coil

१.७१ भाग ७२.१३.९१.१० मा उल्लेख भएको एम.एस. वायर रड इन क्वायल (M S rod in coil)

१.७२ भाग ७२ को ७२.१७.२०, ७२.१७.३०, ७२.१७.९० मा उल्लेख भएको Bead Wire (कपर कोटेड)

१.७३ भाग ७२.१८.९९ मा उल्लेख भएको स्टिल ब्यूम

१.७४ भाग ७२.१९ मा उल्लेख भएको स्टिल प्लेट

१.७५ भाग ७२.२६.११ मा उल्लेख भएको Silicon Steel

१.७६ भाग ७४.०४ मा उल्लेख भएको Aluminum Copper/Brass Scraps Re-Melted Ingots (वाताबरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सुचना बमोजिम मात्र)

१.७७ भाग ७४.०७.१०.०० मा उल्लेख भएको Copper Rods

१.७८ भाग ७४.०८.११.०० मा उल्लेख भएको Copper Wire

१.७९ भाग ७६.०१ मा उल्लेख भएको आल्मोनियम इनगट विलेट

१.८० भाग ७६.०४ र ७६.०५ मा उल्लेख भएको आल्मोनियम रड इन क्वायल

१.८१ भाग ७६.१२.१०.०० मा उल्लेख भएको Tubes

१.८२ भाग ७९.०१.११.०० मा उल्लेख भएको Zinc

१.८३ भाग ७९.०१.२० मा उल्लेख भएको Zinc Alloy

१.८४ भाग ८३.०९.१०.०० मा उल्लेख भएको Metal Crown Corks

१.८५ भाग ८४ मा उल्लेख भएको संपुर्ण मेसिनरी उपकरणहरू (पार्टपुर्जा बाहेक)

१.८६ भाग ८५.०१, ८५.०२ मा उल्लेख भएको विद्यूतीय मोटर, जेनेरेटिङ सेट

१.८७ भाग ८५.०४.९० मा उल्लेख भएको Amorphous Metal cores

१.८८ भाग ८५.०७.९०.०० मा उल्लेख भएको PP Battery Container & Battery Separator

१.८९ भाग ८५.२९.९० मा उल्लेख भएको Spare Parts for TV Receiver

१.९० भाग ८५.४०.११ मा उल्लेख भएको TV Picture Tube

१.९१ भाग उल्लेख नभएको तयारी पोशाक निर्यात उधोगले आफनो परिवर्त्य विदेशी मूद्रा आर्जनको ५० प्रतिशत सम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रूपमा आयत गर्न पाउने कपडा (Fabrics)

२. <u>उपरोक्त वस्तुहरू परिवर्त्य विदेशी मुद्रा खर्च गरी भारतबाट आयात गर्दा निम्न वमोजिमको प्रकिया अपनाउनुपर्ने</u> :

२.१ प्रतीतपत्र मार्फत मात्र आयात गर्नुपर्नेछ ।

२.२ भारतको उत्पादनकर्ता फर्म/कम्पनीवाट मात्र आयात गर्नुपर्नेछ ।

२.३ नेपालमा दर्ता भएका (i) उत्पादनमूलक औद्योगिक फर्म (ii) वढीमा ५ मेगावाट क्षमतासम्मको उर्जामूलक उद्योगले मात्र आयात गर्न पाउनेछ ।

२.४ परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी माथि उल्लिखित वस्तुहरू भारतबाट आयात गर्न पाइने व्यवस्था वमोजिम खोलिएका प्रतीतपत्रहरू अन्तरगत भुक्तानी पठाउँदा ढुवानी तथा विमा शुल्क वापतको हकमा भारतीय रूपैंयामा मात्र भुक्तानी गर्नुपर्नेछ ।

२.५ <u>प्रत्येक प्रतीतपत्रमा अनिवार्य रूपले निम्न व्यहोरा राख्नुपर्नेछ</u> :

२.५.१ प्रत्येक प्रतीतपत्र अन्तर्गत प्राप्त हुने परिवर्त्य विदेशी मुद्राको Invoice सँगै Invoice मा उल्लिखित विदेशी मुद्रा रकम वरावरको AR-4/AR-4A भन्ने फारामको वा Nepal Invoice (अर्थात् Invoice of goods liable to central excise duty in India transmitted under Excise Seal to Nepal) भन्ने फारामको नम्वर र मिति उल्लेख गरिएको Bill of Export for duty free goods (निर्यातकर्ताले भर्ने) नामक फर्म अनिवार्य रूपले संलग्न हुनुपर्ने वा नेपाल इन्भ्वाईस (AR-4/AR-4A नामक फर्म) को नम्वर र मिति उल्लेख छ भने Bill of Export for goods under claim for duty drawback नामक फर्म हुनुपर्नेछ । सो नभएमा भारतीय रूपैयाँमा मात्र भुक्तानी हुने ।

२.५.२ Partial Shipment हुने गरी खोलिएको प्रतीतपत्रहरूको हकमा भने उपदफा २.५.१ मा उल्लिखित AR-4/AR-4A वा Nepal Invoice मा उल्लिखित परिमाण तथा मूल्य र Bill of Export for duty free goods नामक फर्ममा उल्लिखित परिमाण तथा मूल्यमा फरक पर्न सक्ने हुँदा यसलाई कैफियत नमान्ने ।

२.५.३ यस्तो प्रतीतपत्रहरू अन्तर्गत नियमानुसार जारी गरिने वि.वि.नि.फा.नं.४ मा अन्य व्यहोराको अतिरिक्त उपदफा २.५.१ मा व्यवस्था भए वमोजिम AR-4/AR-4A वा Nepal Invoice को नम्बर र मिति अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ ।

२.५.४ यसरी वि.वि.नि.फा.नं. ४ मा उल्लेखित AR-4/AR-4A वा Nepal Invoice को नम्बर र मिति भंसारमा प्राप्त हुने सम्वन्धित फर्महरूसँग भिडेमा मात्र भंसार कार्यालयले नियमानुसार सामान छोड्ने व्यवस्था मिलाईएको छ ।

२.६ नेपाल तयारी पोशाक उद्योग संघले सिफारिस गरेको आधारमा नेपालका तयारी पोसाक उद्योगहरूले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी भारतबाट आयात गर्ने पावरलुम कपडा, यार्न डाईड कपडा (सुती रेयन आदि) र निटेड कपडाको हकमा AR-4/AR-4A भन्ने फारामको वा Nepal Invoice (अर्थात् Invoice of goods liable to central excise duty in India transmitted under Excise Seal to Nepal) भन्ने फारामको नम्बर र मिति उल्लेख गरिएको Bill of Export for duty free goods (निर्यातकर्ताले भर्ने) नामक फाराम पेश गर्नु नपर्ने ।

३. <u>आयातको लागि संलग्न हुनुपर्ने कागजातहरू</u> :

३.१ भारतीय उत्पादनकर्ताको प्रोफर्मा इन्भ्वाइस (Proforma Invoice) वा सम्झौता ।

३.२ नेपाली आयातकर्ताको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र अद्याबधिक आयकर दर्ता प्रमाणपत्र ।

४. **<u>यसै परिपत्रको दफा "१" अन्तर्गतको उप-दफाहरू १.४६, १.४७, १.४८, र १.४९ अन्तर्गत पर्ने वस्तुहरू आयात गर्दा निम्न वमोजिमका थप प्रकियाहरू पुऱ्याउनु पर्नेछ</u>** :

४.१ ठूला कपडा उद्योगहरूलाई आवश्यक हुने धागोहरूको हकमा नेपाल उद्योग वाणिज्य महासंघको सिफारिसमा नेपाल सरकार, उद्योग विभागले स्वीकृति प्रदान गरे वमोजिम प्रतीतपत्र खोली आयात गर्नुपर्ने ।

४.२ भारतको उत्पादनकर्ता फर्म/कम्पनीबाट मात्र आयात गर्नुपर्ने ।

४.३ नेपालमा दर्ता भएको कपडा उत्पादन गर्ने औद्योगिक फर्मले मात्र आयात गर्ने ।

५. <u>माथि दफा "१" को सि.नं.१.६५ अन्तर्गतको माइल्ड स्टिल विलेट आयात गर्दा पुऱ्याउनुपर्ने थप प्रक्रिया</u> :

भारतबाट परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुनेगरी फलामे छड उत्पादन गर्ने उद्योगहरूले एम.एस. विलेट आयात गरेकोमा त्यस्ता उद्योगहरूले Original Document पेश नभए तापनि Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी गर्न अनुरोध गरेमा निम्न शर्त अन्तर्गत रही वि.वि.नि.फा.नं.४ जारी गर्न सकिनेछ ।

५.१ पैठारी हुने वस्तुको मूल्य वरावरको ग्यारेन्टी लिनुपर्ने तर आयात प्रतीतपत्रको Document अनुसारको सम्पूर्ण रकम भुक्तानी गर्नेको हकमा ग्यारेन्टी लिनु नपर्ने ।

५.२ Copy Document [यस प्रयोजनको लागि प्रतीतपत्र नम्बर र चलान भै आउने सामानहरूको परिमाण स्पष्ट भएको Consignment Note (सम्बन्धित Carrier ले पठाउने कागज) को Fax Copy लाई पनि Copy Document को रूपमा लिन सकिने] को आधारमा वि.वि.नि.फा.नं.४ जारी भएको मितिले ४५ दिनभित्र Original Document पेश भै सक्नु पर्ने, अन्यथा सोही आयातकर्तालाई पुनः Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी गर्न नमिल्ने, साथै यस्तो म्याद भित्र Original Document पेश नभएको केसहरू समयमै यस बैंकलाई Refer गर्नुपर्ने ।

५.३ Original Document प्राप्त भएपछि Copy Document सँग Verify गर्नुपर्ने र कथंकदाचित् फरक भएको पाइएमा त्यस्ता केसहरू यस बैंकलाई Refer गर्ने र यस

बैंकको Clearance प्राप्त नभएसम्म त्यस्ता आयातसँग सम्बन्धित ग्यारेन्टी फुकुवा गर्न नमिल्ने ।

५.४ यसरी Copy Document को आधारमा वि.वि.नि.फा.नं.४ जारी गरेकोमा यस बैंकको कुनै पनि आर्थिक दायित्व नरहने ।

५.५ माथि उल्लिखित दफा “२” को उपदफा २.५ मा उल्लिखित सबै व्यवस्थाहरू यथावत् रहनेछन् ।

६. <u>माथि दफा “१” को सि.नं.१.९१ अन्तरगतको कपडा आयात गर्दा पुऱ्याउनुपर्ने थप प्रकिया</u> :

६.१ कच्चा पदार्थको रूपमा प्रयोग गरिने कपडा आयात गर्नको लागि प्रतीतपत्र खोल्न नेपाल तयारी पोसाक उद्योग संघको सिफारिश अनिवार्य रूपमा हुनुपर्ने ।

६.२ भारतमा विधिवत् दर्ता भएको निर्यात गर्ने फर्म/कम्पनीमार्फत पनि उपरोक्त कपडा आयात गर्न सकिनेछ । तर यसको लागि यस्तो निर्यात फर्म कम्पनीलाई भारतको The Director General of Foreign Trade ले प्रदान गरेको कोड नम्बर सम्बन्धी कागजात अनिवार्य रूपमा सम्वन्धित बैंकमा पेश हुनुपर्नेछ ।

६.३ परिवर्त्य विदेशी मुद्रा आर्जन हुने मूल प्रतीतपत्र रकम मध्ये ५० (पचास) प्रतिशत रकम ननाध्ने गरी Back to Back L/C खोली भारतबाट कच्चा पदार्थ कपडा आयात गर्न सक्नेछ ।

६.४ यसरी आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी उक्त कपडाबाट तयारी पोसाक बनाई निर्यात गरेपछि प्राप्त हुने भुक्तानीबाट मात्र गर्नुपर्नेछ ।

६.५ इरिभोकेवल एल.सी.(Irrevocable L/C) अन्तर्गत मात्र यसप्रकारको Back to Back L/C खोल्न मिल्नेछ ।

७. दफा “१” को सि.नं.१.६३ मा उल्लेखित M.S. Scrap को आयात गर्दा नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रूपले लिनु पर्नेछ ।

८. आयात प्रतीतपत्र सम्बन्धी अन्य व्यवस्थाहरू यथावत कायम गरिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक